म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र


खण्डः ५...          संख्याः १०..          मितिःअसार २१, २०७८


भाग-२

म्यागङ गाउँपालिका

## म्यागङ गाँउपालिकाको पदपूर्ति समिति गठन कार्यबिधि,२०७८

कार्यपालिकाबाट पारित मितिः असार ६, २०७८

प्रमाणीकरण मितिः असार ६, २०७८


स्थानीय राजपत्रमाप्रकाशितमितिःअसार २१, २०७८



म्यागङ गाउँपालिका

# म्यागङ गाँउपालिकाको पदपूर्ति समिति गठन कार्यबिधि,२०७८

## प्रस्तावना :

यस गाउँपालिका अन्तर्गत रिक्त पदमा जनशक्ति पदपूर्ति गर्न एउटा स्थायी प्रकृतिको समिति निर्माण गर्न म्यागङ गाँउ कार्यपालिकाले यो कार्यबिधि तर्जुमा गरी लागु गरेको छ ।

१.संक्षिप्त ना र प्रारम्भः

(क) यो नियमावलीको नाम म्यागङ गाँउपालिकाको पदपूर्ति समिति गठन कार्यबिधि,२०७८ रहेको छ ।

(ख) यो कार्यबिधि आ.ब.२०७८/७९ देखि लागुहुने गरी म्याँगङ राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

२.परिभाषा र ब्याख्या : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा –

(क) कर्मचारि भन्नाले म्यागङ गाँउपालिका स्थित गाँउ कार्यपालिका अन्तर्गत कार्यरतकर्मचारीलाई बुझाँउदछ ।

(ख) कार्यपालिका भन्नाले म्याँगङ गाँउकार्यपलिकालाई सम्झनु पर्दछ ।

(ग) कार्यालय भन्नाले म्याँगङ गाँउ कार्यपालिकाको कार्यलय तथा आवश्यकता अनुसार मातहत वडा कार्यालयलाई समेत सम्झनु पर्दछ ।

(घ)कार्यबिधि भन्नाले म्याँगङ गाँउपालिकाकाको पदपुर्तिसमिति गठन कार्यबिधि,२०७८ लाई सम्झनु पर्दछ ।

(ङ)रिक्त पद भन्नाले कार्यपालिका र मातहत कार्यलयमा कुनैपनी दरबन्दीमा पदपुर्ति नभएको अबस्था तथा नयाँ दरबन्दी तथा कार्यालयले नयाँ पदपूर्ति गर्न बिज्ञापन निकाल्ने निर्णय गरेको पद सम्झनु पर्दछ ।

(च) समिति भन्नाले यसै नियमावलि बमोजिमको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

३.पदपुर्ति समिति :(१) कार्यालयमा रिक्त पदमा योग्य उम्मेदवार छनौट गरि सिफारिस गर्ने प्रयोजनका लागि गाउँपालिकामा देहाए बमोजिमको एक स्थायी चरित्रकोकर्मचारी पदपुर्ति समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि -सदस्य

(ग) कार्यालयको प्रशासन शाखा प्रमुख (पदपुर्ति नभएमा रिक्त) -सदस्य

(घ) बिज्ञापन गरिएको बिषयको शाखा हेर्ने अधिकृत वा प्रतिनिधि -सदस्य

(ङ) कार्यालयको कर्मचारी प्रशासन शाखामा कार्यरत सहायक कर्मचारी -सदस्य सचिव

(१) यस कार्यबिधिसँग अन्य कानुन नियम बाँझिएको हदमा उक्त दफा उपदफा यो कार्यबिधि लागु भएसँगै निष्कृय हुनेछ ।

६.पदपूर्ति समितिको बैठक र निर्णय :

(१) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समयमा र स्थानमा बस्नेछ।

(२) समितिले आफ्नो बैठकमा बढीमा दुईजनासम्म सम्बन्धित क्षेत्रका बिषयबिज्ञलाई आमन्त्रण गर्न सक्नेछ तर यस्तो बिज्ञले सुझाबको रुपमा आफ्नो राय समितिलाई दिनेछ ।।

(४) समितिको बैठकमा भाग लिए वापत समतिका पदाधिकारिहरुलाईकार्यालयले बैठक भत्ता उपलब्ध गराउने छ ।

७. पदपुर्ति समितिको काम कर्तब्य र अधिकार :यस समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(१)रिक्त पदमा भर्ना तथा छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने ,

(२) परीक्षाको आबश्यक मापदण्डतथा बिधि निर्धारण गर्ने ,

(३)परीक्षा सञ्चालन तथा ब्यबस्थापन तथा नतिजा प्रकाशन सम्बन्धी आबश्यक ब्यबस्था तथा निर्णय गर्ने ,

आज्ञाले,

पवन कुमार प्याकुरेल

प्रमुख प्रशासकीय अधिकृत

म्याग्दे गाउँपालिका